# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बिर्तामोड,झापा
प्रदेश नं. १, नेपाल

☎ फोन नं.-०२३-५४५८००

च.नं. ४९६
प.स. ०७६/०७७

मिति :- २०७६/०९/२०

**विषयः- विद्यालयको वार्षिक तथा आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा८)सम्बन्धी सूचना**

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु
बिर्तामोड नगरपालिका, झापा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७६ को अन्त्यमा लिइने विद्यालयस्तरीय परीक्षा तथा आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा ८) को परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस नगरपालिका स्तरीय परीक्षा समितिको मिति २०७६/१०/०८ गतेको निर्णयानुसार तपसील बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

<u>तपसील</u>

### समयतालिका

| क्र.सं. | मिति | साधारण शिक्षा/ खुला शिक्षा विषय | संस्कृत /गुरुकुल विषय | समयावधि |
|---|---|---|---|---|
| १ | २०७६ साल चैत्र ०९ गते आइतबार | अङ्ग्रेजी | अङ्ग्रेजी | दिनको १२.०० वजे देखि |
| २ | २०७६ साल चैत्र १० गते सोमबार | नेपाली | नेपाली | दिनको १२.०० वजे देखि |
| ३ | २०७६ साल चैत्र ११ गते मंगलबार | विज्ञान तथा वातावरण | बेद | दिनको १२.०० वजे देखि |
| ४ | २०७६ साल चैत्र १२ गते बुधबार | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | सामाजिक अध्ययन | दिनको १२.०० वजे देखि |
| ५ | २०७६ साल चैत्र १३ गते विहिबार | पेशा व्यवसाय तथा प्रविधि शिक्षा | कर्मकाण्ड | दिनको १२.०० वजे देखि |
| ६ | २०७६साल चैत्र १४ गते शुक्रबार | क. नैतिकशिक्षा<br>ख. स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत ब्याकरण | दिनको १२.०० वजे देखि |
| ७ | २०७६ साल चैत्र १६ गते आइतबार | गणित | गणित | दिनको १२.०० वजे देखि |
| ८ | २०७६ साल चैत्र १७ गते सोमबार | मातृभाषा वा स्थानिय विषय वा संस्कृत वा अन्य विषय | संस्कृत रचना | दिनको १२.०० वजे देखि |

१. यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा ८) मिति २०७६ साल चैत्र ०९ गते आइतवार दिनको १२.०० बजे देखि माथि उल्लेखित समयतालिका अनुसार सञ्चालन तथा व्यवस्थापन गर्नु गराउनु पर्नेछ

२. कुनै आकस्मिक विदा पर्न गएमा पनि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको पूर्व सूचना विना परीक्षा स्थगित गरिनेछैन।

३. विद्यालयका अन्य कक्षाको परीक्षा चैत्र पहिलो हप्तादेखि चैत्रमसान्त सम्ममा सम्पन्न गरी सक्ने गरी कार्यतालिका निर्माण गरी सञ्चालन गर्नु गराउनु पर्नेछ।

४. कक्षा ८ को परीक्षालाई व्यवस्थित, भरपर्दो, सुचनामुलक, तत्थ्यमा आधारित र दीर्घकालिन बनाउन अनलाइन सफ्टवेयर मार्फत परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिने भएकोले उक्त सफ्टवेयरमा मिति २०७६/१०/१५ गते भित्र विद्यार्थीको जन्मदर्ताको आधारमा पछि फरक नपर्ने गरी सम्पूर्ण विवरणहरु प्रविष्टी गरी सक्नु पर्नेछ। विद्यार्थी प्रविष्टि गरी सकेपछि पुनः मिति २०७६/१०/१९ गते सम्म विद्यार्थीको वैयक्तिक विवरण रुजु गरी अन्तिम विवरण तयार गर्नु पर्नेछ । तोकिएको मिति पछि सफ्टवेयर लक हुने हुदा गलत विवरण प्रविष्टी तथा समयमा विवरण प्रविष्टी नगरी कुनै समस्या पर्न गएमा विद्यालय स्वयं जिम्मेवार हुनु पर्नेछ ।

भण्डारी
उपसचिव

Website : Birtamodmun.gov.np, Email : btm[illegible]53@gmail.com

Scanned by CamScanner

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बिर्तामोड,झापा
प्रदेश नं. १, नेपाल

☎ फोन नं.-०२३ -५४५८००

५. रजिष्ट्रेशन विवरण सहितको विद्यार्थी विवरण प्रधानाध्यापकले प्रमाणित गरी मिति २०७६/१०/२५ गते भित्र यस शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. विद्यार्थीहरुको आधिकारिक विवरण अनलाइन सफ्टवेयरमा प्रविष्टी गरेपछी विद्यालयले परीक्षार्थीहरुको रजिष्ट्रेशन नम्बर तथा सिम्बल नम्बर सहितको आवेदन फाराम प्रिन्ट गरी त्यसमा विद्यार्थीको विद्यालय पोशाकमा खिचेको फोटो टाँस तथा प्रधानाध्यापकले प्रमाणित गरी मिति २०७६/११/ २५ गते भित्र जन्मदर्ताको प्रतिलिपि सहित शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रमाणित गराइ सोका आधारमा परीक्षा सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ ।

७. परीक्षामा सामेल हुन विद्यार्थीले शैक्षिक सत्र २०७६ मा कक्षा ८ मा ७५% हाजिर भइ नियमित रुपमा अध्ययन गरेको हुनु पर्नेछ ।

८. परीक्षार्थीहरुका लागि परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनु पर्नेछ

९. तोकिएको परीक्षा केन्द्र र समयतालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन् ।

१०. परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नंम्बरबाट मात्र परीक्षा दिनु पर्नेछ । कोड नंम्बरबाट परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

११. नगरपालिका भित्र अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थागत विद्यालयमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरुको परीक्षा सञ्चालन प्रयोजनार्थ प्रति विद्यार्थी रु.३००।- का दरले जम्मा परीक्षार्थीको शुल्क एकमुष्ठ रुपमा सम्बन्धित विद्यालयले बिर्तामोड नगरपालिकाको एन.आ.सी. एशिया बैंक बिर्ताबजार शाखामा रहेको नगर स्तरीय परीक्षा समितिको च.हि.नं २४६४१५००२३९०००० मा रकम जम्मा गरी सो को एक प्रति सक्कल भौचर मिति २०७६/१०/२५ गतेभित्र नपा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गरी सक्नुपर्नेछ ।

१२. परीक्षा समितिले परीक्षा सञ्चालनका लागि विद्यार्थी संख्याका आधारमा प्रश्नपत्र, मुल तथा थप उत्तरपुस्तिका स्थानीय विषय बाहेक ८ विषयको उपलब्ध गराइने हुदा समयमै विद्यालयहरुले बुझि व्यवस्थापन गर्नु पर्नेछ।

१३. शैक्षिक सत्र २०७६ को EMIS भरेर Online Software मा Upload गरेका विद्यालयहरुलाई मात्र आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको प्रश्नपत्र तथा उत्तरपुस्तिका उपलब्ध गराइने हुदा Upload नगराएको कारणबाट परीक्षामा समस्या पर्न गएमा विद्यालय स्वयं जवाफदेही हुनुपर्नेछ।

१४. मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा बेदविंद्याश्रम तर्फका विषयको प्रश्नपत्रको हकमा विद्यालय स्वयंले गोप्यरुपमा सम्वन्धित विषय शिक्षकको सहयोगमा विशिष्टिकरण तालिका अनुसार निर्माण गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ साथै त्यस्ता प्रश्नपत्रको एकप्रति शिलबन्दी गरी यस शाखामा पेश गर्नु पर्नेछ।

१५. विद्यालयहरुले हरेक विषयको आन्तरिक/प्रयोगात्मक परीक्षा विद्यालय स्वयंले प्रश्नपत्र बनाइ परीक्षा सञ्चालन गर्नका साथै विद्यालयमा प्रमाणित अभिलेख राखी सो प्राप्ताङ्क विवरण मिति २०७६ फागुन मसान्तभित्र अनलाइन सफ्टवेयरमा प्रविष्टि गरी सक्नु पर्ने तथा एकप्रति प्रमाणित प्रति यस शाखामा बुझाइ सक्नु पर्नेछ।

१६. विद्यालयहरुले केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक तथा परीक्षा सहायकहरुको कार्यविवरण सहितको निर्देशन पछि पठाइनेछ ।

१७. परीक्षा सम्वन्धी अभिमुखीकरणमा सहभागी भएका फोकल पर्सन्संग समेत जानकारी लिनहुन तथा यो निर्देशन अनुसार कार्य गर्न लगाउन हुन ।

१८. परीक्षासम्बन्धी थप जानकारी तथा कुनै कुरा स्पष्ट नभएमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिने तथा अनलाइन सफ्टवेयरको सूचनामा हेर्न तथा मेसेज गर्न सकिनेछ । थप जानकारीका लागि

शाखा प्रमुख श्री तिलचन भण्डारी ९८४२०५९३५३ शाखा अधिकृत श्री दिनेशप्रसाद अचार्य ९८४२६२६५३३

शिक्षा अधिकृत श्री केशरबहादुर खबास ९८५२६७३४२३ कम्प्यूटर अधिकृत ९८४२६५७१५७

तिलचन भण्डारी
उपसचिव



Scanned by CamScanner